# आर्थिक नेपाल

# NEPAL ECONOMIST


| वर्ष–२ | २०४१ वैशाख | अङ्क– ३ |
|---|---|---|
| Vol. II | 1984 April | No. 3 |



संपादक

देविचन्द्र श्रेष्ठ

व्यवस्थापक

देवेन्द्र जोशी

कार्यालयः

ग २–१९४

काठमाडौं–४

किम्डोल–छाउनी सडक

(स्वयंभू) पो.ब. नं ३४८७



मूल्य ५।–

वार्षिक ५५।–

# ताडपत्रहरूको ऐतिहासिक महत्त्व

धनवज्र वज्राचार्य

[नेपालको आर्थिक इतिहास खोतल्न अत्यन्त उपयोगी तर अहिलेसम्म प्रायः उपेक्षित गरिएको ऐतिहासिक सामग्री हुन् – ताडपत्रमा लेखिएका लिखतहरू । ऐतिहासिक महत्व राख्ने यस्ता लिखत राष्ट्रिय अभिलेखालयमा धेरै बटुलिएका छन् । तर, काठमाडौं उपत्यकामा घरघरै र बौद्ध विहारहरुमा यस्ता लिखतहरु अझै अनगिन्ती त्यसै रहेका छन् । त्यतातिर इतिहासका अध्येताहरुको ध्यानाकृष्ट होस् भनेर ती लिखतहरुको सामान्य विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । इतिहासविद् धनवज्र वज्राचार्यज्यूले यतापट्टि केही परिश्रमसाथ मार्ग दर्शन गराइदिनु भएको छ ।

श्री ५ को सरकार पुरातत्व विभागबाट 'प्राचीन नेपाल' मा यस्ता केही लिखतहरु ऐतिहासिक सामग्रीको रुपमा प्रकाशित हुँदै आएका छन् । हाल राष्ट्रिय अभिलेखालयबाट 'भूमिसम्बन्धी तमसुक ताडपत्र' भन्ने पुस्तक (सं. २०४०) श्रीशंकरमान राजवंशीको संपादनमा निस्केको छ । यहाँनिर सर्वप्रथम हामी के भन्न चाहन्छौं भने यी सामग्रीहरुको लागि दिइएको संज्ञा भ्रामक छ । ताडपत्रमा लेखिएकोले 'ताडपत्र' भन्ने हो भने ताडपत्रमा लेखिएका ग्रन्थहरु पनि त छन् । फेरि, 'भूमि संबन्धी तमसूक' भन्नु पनि त्यस्तै भ्रम पार्ने खालको छ । तमसूक भन्नाले दुई पक्षका बीच ऋणको लेनदेनलाई बुझाउँछ । शुद्ध ऋणको तमसुक तिनमा विरलै पाइन्छन् । धेरैजसो भूमिको हक हस्तान्तरण हुने गरी बेच बिखन गरिएको व्यवहार प्रमाणित गर्न यस्ता प्रलेखहरु (Records) खडा भएकोले भूमि सम्बन्धी विशेषण दिनु आंशिक रुपमा सार्थक हुन्छ तापनि तिनमा भूमिदेखि अतिरिक्त अरु पनि सामाजिक व्यवहारलाई लेखबद्ध गरिएका पाइन्छन् । न्यायिक दृष्टिले तात्कालिक कानूनी मान्यता प्राप्त कागजातको समकक्षमा यी ताडपत्रहरु हुनाले तिनलाई 'प्राचीन लिखतपत्र' को संज्ञा दिनु हामी उचित ठान्दछौं ।

नेपालमा न्यायिक परंपराको सन्दर्भमा प्रस्तुत 'लिखतपत्र' हरुको गहकिलो स्थान त छ नै । त्यस माथि हाम्रा प्राचीन सामाजिक संगठनहरुको रुपरेखा अध्ययन गर्न पनि यतातिर खोजिपस्नु नितान्त आवश्यक देखिएको छ । त्यसैको एउटा नमूना स्वरुप यहाँ प्रस्तुत छ । त्यो पनि 'नेपाल भाषा' को सर्वप्राचीन रुपमा भेटिएको हुँदा यसले अझ महत्व राख्दछ । अन्यत्र प्रकाशित भए पनि यसको आधिकारिक पाठ निर्धारण गर्ने काममा लेखकको योगदान प्रशस्त छ । –संपादक]

नेपालको इतिहास, विशेष गरी मध्यकालको इतिहास तयार पार्ने ऐतिहासिक सामग्री मध्ये "ताडपत्र" हरूको पनि प्रमुख स्थान रहेको छ । अझ विशेष गरी आर्थिक इतिहास तयार पार्ने काममा ताडपत्रहरू निकै उपयोगी छन् । हाम्रो यहाँ प्रशस्त मात्रामा ताडपत्रहरू पाइएका छन् । घर घरमा पनि अज्ञात रूपमा कति रहेका होलान् । तर, यी ताडपत्रहरूको अध्ययन गर्ने काम जति राम्ररी हुन सकेको छैन । यी ताडपत्रको सङ्कलन केही प्रकाशमा आएको छ तापनि धेरैजसो त अप्रकाशित नै छन् ।

ताडपत्रहरूको ऐतिहासिक महत्व बुझ्न हामीले पहिले लिच्छविकालमा पुग्नु पर्छ । लिच्छविकालको प्रशासनिक ढाँचा नबुझी ताडपत्रहरूको ऐतिहासिक पृष्ठभूमि बुझिंदैन । लिच्छविकालका शासकहरूले, विशेष गरी अंशुवर्माले प्रशासनमा विकेन्द्रीकरण ल्याउने नीति लिएका थिए । प्रशासनमा जनप्रतिनिधिहरूको भूमिका राम्रो रहोस् भनी अंशुवर्माले चाहेका थिए । यसै हुँदा उनले स्थानीय पान्चाली (पञ्चायत) लाई प्रशासन सम्बन्धी अधिकार बढी सुम्पी स्वायत्त शासनलाई प्रोत्साहन दिएका थिए । स्वायत्त शासनसम्बन्धी अधिकार सुम्पने यस क्रममा अंशुवर्माले स्थानीय पान्चालीलाई 'लेख्यदान' सम्बन्धी अधिकार पनि सुम्पेका थिए । 'लेख्यदान' सम्बन्धी अधिकार पहिले लिच्छविकालका चार प्रमुख अधिकरण मध्येको एक 'कुथेर' अधिकरण अन्तर्गत रहेको थियो । अंशुवर्माले कुथेर अधिकरणबाट 'लेख्यदान' सम्बन्धी अधिकार झिकी स्थानीय पञ्चायतलाई सुम्पेका थिए । अंशुवर्माको थुप्रै अभिलेखमा यस कुराको उल्लेख परेको छ । अंशुवर्माभन्दा अगाडिका शासकहरूले पनि 'लेख्यदान' सम्बन्धी केही अधिकार पान्चालीलाई सुम्पने नीति लिएका थिए । तर, सो काम केही ग्रामपान्चालीमा मात्र सीमित थियो । अंशुवर्माले यसलाई अझ व्यापक बनाए । तात्कालिक शिलालेखबाट यो कुरा स्पष्ट थाहा पाइन्छ । भक्तपुर गोलमढी टोल र तुलाछें टोलका अभिलेख, धर्मस्थली, बूढानीलकण्ठस्थान, धापासी आदि ठाउँका अभिलेखमा कुथेर् अधिकरण अन्तर्गत रहेको 'लेख्यदान' सम्बन्धी अधिकार ग्राम पान्चालीलाई सुम्पेको कुरा परेको छ । ती शिलालेखमा "कुथेर्वृत्यधिकृतानामत्र समुचितस्त्रिकरमात्र साधनायैव प्रवेशो लेख्यादान पञ्चापराधाद्यर्थंन्त्वप्रवेशः" भनी उक्त कुरा स्पष्टसंग लेखिएको छ ।

'लेख्य' शब्दको अर्थ 'पुर्जी' भन्ने हुने हुनाले 'लेख्यदान' को अर्थ 'पुर्जी काट्नु' भन्ने गरिएको थियो । परन्तु यो अर्थ गराइ अलि अस्पष्ट भयो । पुर्जी काट्ने काम त आवश्यक परे सबै अधिकरणले गर्दा हुन् । यो काम कुथेर् अधिकरण अन्तर्गत मात्र कसरी रह्यो; ग्रामपान्चालीलाई यो अधिकार दिंदा जनतालाई के फाइदा आदि अनेक प्रश्न यस विषयमा उठ्छन् । यसकारण 'लेख्यदान' को वास्तविक अर्थ बेग्लै छ भन्ने यताबाट बुझिन्छ ।

सरकारी मालपोत उठाउने काम कुथेर् अधिकरण अन्तर्गत रहेको र 'लेख्यदान' पनि कुथेर् अधिकरण अन्तर्गत नै रहेको हुनाले 'लेख्यादान' को भूमि व्यवस्थासंग सम्बन्ध छ भन्ने कुरा प्रसङ्गबाट बुझिन्छ । यस कुराको पुष्टि याज्ञवल्क्यस्मृति आदिबाट हुन्छ । ती ग्रन्थमा पनि भूमिदानको प्रसङ्गमा 'लेख्य' लेखिदिने कुरा परेको छ । विचारार्थ याज्ञवल्क्यस्मृतिको वचन यहाँ उद्धृत गर्नु परेको छ ।

"दत्वा भूमि निबन्धं वा कृत्वा लेख्यं तुकारयेत् ।
आगामि भद्रनृपति परिज्ञानाय पार्थिवः ।।"

आचाराध्याय, ३१८ श्लोक

(राजाले जग्गा दिदा वा जग्गाको प्रायस्ता तोक्दा पछिका राजाहरूलाई बुझ्न सजिलो होस् भनी 'लेख्य' लेखाउन लाउन् ।)

टीकाकारले 'लेख्य' बारे अझ खुलाउँदै यस्तो लेखेका छन्-

"लेख्य द्विविधं शासनं ज्ञानपदं चेति"

यताबाट राजाले जग्गा दिदा वा जग्गा सम्बन्धी आयस्ताको नियम बनाउँदा तथा जनताले जग्गा किनबेच गर्दा भूस्वामित्वको प्रमाणको लागि दिइने निस्सापत्र 'लेख्य' हो भन्ने निश्चित हुन्छ ।

यसरी 'लेख्य' लेखिदिदा स्थायित्वको लागि हाम्रो यहाँ ताडपत्रमा लेखिदिने चलन चल्यो । त्यही परम्परा पछि मल्लकालसम्म पनि कायम रह्यो । त्यस बेला पनि 'लेख्य' ताडपत्रमा नै लेखिदिने चलन चल्यो । यस्ता ताडपत्रका भाषा पछिसम्म पनि प्राय: संस्कृत नै रह्यो । कति भने साधारण चलनचल्तीमा आउने हुनाले स्वभावत: संस्कृतमा जनभाषा पनि मिश्रित हुन पुगेको पाइन्छ । केही ताडपत्र जनभाषामै पनि लेखिएको पाइन्छ ।

घर जग्गा किनबेच गर्दा त्यसको रजिष्ट्रेशनको लागि सरकारी अधिकरणसम्म पुग्न नपर्दा त्यताबाट जनतालाई सुविधा हुने स्पष्ट छ । यसै हुँदा अंशुवर्माले 'लेख्यदान' सम्बन्धी अधिकार कुथेर् अधिकरणबाट छुटाई ग्रामपाञ्चालीलाई सुम्पेका थिए ।

यसरी 'ताडपत्र' प्रथाको सम्बन्ध लिच्छविकालसँग थियो भन्ने स्पष्ट हुन्छ । राम्ररी खोजी गर्न सके लिच्छविकालका पनि यस्ता ताडपत्र पाइने सम्भावना नभएको होइन । तर, हालसम्म भने लिच्छविकालका ताडपत्र पाइएको छैन । लिच्छविकालको लगत्तै पछिदेखि भने ताडपत्र पाइएका छन् ।

अहिलेसम्म पाइएका ताडपत्रहरूलाई हामी दुई भागमा विभक्त गर्न सक्छौं । एकथरि लिच्छविकालको प्रतिनिधित्व गर्ने ताडपत्रहरू; अर्को थरि मल्लकालको प्रतिनिधित्व गर्ने ताडपत्रहरू । पहिलोमा लिच्छविकालकै भूमि व्यवस्थाको परम्परा कायम रहेको छ; लिच्छविकालकै मुद्राको प्रचलन तिनमा रहेको छ । ती ताडपत्रमा प्रयुक्त पिण्डक, मानिका पणपुराण आदि कुराले उपर्युक्त कुराको पुष्टि गर्छ । ग्रामका प्रधानको अस्तित्व पनि तिनमा देखापर्छ । अर्कोथरि ताडपत्रमा मध्यकालको प्रथा विद्यमान छ ।

यी ताडपत्रहरू राम्ररी केलायौं भने हामी समय समयमा प्रशासनमा आएको अन्तरको केही झलक पाउन सक्छौं । पहिला थरि ताडपत्रहरूमा लिच्छविकालको प्रशासनको अवशेष पाइन्छ । ती ताडपत्रहरूमा केही विषय (जिल्ला) को उल्लेख आएको छ । अमात्यहरूको उल्लेख आएको छ । प्रमाण प्रथाको संकेत पाइन्छ । 'नायक'हरूको अस्तित्व झल्किन्छ । गोष्ठीको भूमिका थाहा पाइन्छ । साक्षी प्रथाको अस्तित्व पत्ता लाग्छ । अर्का थरि ताडपत्रहरूबाट राजकुल र पात्रकुलको अस्तित्व, राजा र राजपरिवारको स्थान, भारदारहरूको भूमिका, पञ्चहरूको गतिविधि आदि थाहा पाइन्छ ।

यसरी ताडपत्रहरूको अध्ययनले नेपालको राजनैतिक इतिहास थाहा पाउन पनि केही मद्दत गर्छ ।

ताडपत्रहरूको अध्ययनबाट सामाजिक कुरा पनि निकै थाहा पाइन्छ । समय समयमा देखापरेका अनेक जात जातिको झलक यी ताडपत्रबाट पाइन्छन् । पहिला थरि ताडपत्रमा देखिएका जात जाति र अर्का थरि ताडपत्रमा देखिएका जात जातिमा केही अन्तर पाइन्छन् । पहिला थरि ताडपत्रमा गुप्त, वर्मा, पाल, सेन, भल्लोक, राणक, ठकुर आदि बढी पाइन्छन् भने अर्का थरि ताडपत्रमा जात जाति अलि अर्कै किसिमका देखापर्छन् । तात्कालिक नेपालमा प्रचलित धर्म बारे अध्ययन गर्न पनि यी ताडपत्रबाट मद्दत पाइन्छ । धार्मिक कुरा पनि ताडपत्रहरूमा प्रशस्त परेका छन् । बस्ती बसाइ बारे पनि यताबाट केही प्रकाश पर्छ ।

आर्थिक कुरा त ताडपत्रहरूको मूल विषय नै भयो । लिच्छविकालको भूमि व्यवस्था मल्लकालमा पुग्दा के कति अन्तर भयो भन्ने कुरा ताडपत्रहरूको अध्ययनबाट हामी थाहा पाउँछौं । पहिला थरि ताडपत्रमा लिच्छविकालको भूमि व्यवस्थाको छाप परेको छ भने अर्का थरि ताडपत्रमा मल्लकालको भूमि व्यवस्थाको छाप परेको छ ।

मुद्राबारेमा पनि ताडपत्रहरूबाट प्रशस्त प्रकाश पर्छ । लिच्छविकालमा यहाँ पुराण, कार्षापण, पण आदि मुद्रा प्रचलित थिए । १६ पणको एक कार्षापण र ६४ पणको एक पुराण हुन्थ्यो । यस परम्परामा पछिसम्म पनि एक रूपैयाँको ६४ पैसा अर्थात् १६ आनाको एक रूपैयाँ दर हाम्रो यहाँ कायम भएको देखिन्छ । चाँदी र तामाको भाउको तल माथिले गर्दा कहिलेकाहिं उक्त दरमा थोर बहुत तल माथि चाहीं हुन्थ्यो ।

पहिला थरि ताडपत्रहरूको अध्ययन गरी हेर्‍यो भने मध्यकालका प्रख्यात राजा शिवदेवले नयाँ मुद्रा 'द्रम्म' र 'शिवका' को प्रचलन गर्नु भन्दा पहिले यहाँ लिच्छविकालका पुराण, पण आदि मुद्राहरू नै प्रचलित थिए भन्ने थाहा पाइन्छ । पछि क्रमशः यी मुद्राको प्रचलन बन्द भयो । तिनको ठाउँ नयाँ मुद्रा 'द्रम्म' र 'शिवका' ले लियो । ने. सं. २६४ को ताडपत्रमा द्रम्मको उल्लेख आएको छ । यसै ताकाको ने. सं. २९२ को अभिलेखमा 'शिवका' को उल्लेख आएको छ । द्रम्म, शिवकाको प्रचलन महेन्द्रमल्लले रूपैयाँ, मोहर (महेन्द्रमल्ली) नचलाएसम्म रह्यो । त्यसपछि नयाँ मुद्रा रूपैयाँ, मोहरको प्रचलन भएको कुरा अर्का थरि ताडपत्रहरूको अध्ययनबाट थाहा पाइन्छ । यसरी ताडपत्रहरूको अध्ययनले मुद्राको इतिहास बारे पनि निकै प्रकाश पर्छ ।

भाषाबारे अध्ययन गर्न पनि यी ताडपत्रहरूबाट निकै मद्दत पाइन्छ ।

ताडपत्रहरूको ऐतिहासिक महत्त्व यति कुराबाट पनि स्पष्ट रूपमा थाहा पाइएको छ । ताडपत्रहरू मुख्य गरी आर्थिक कुरा बुझ्न सहायक छन् भने साथै राजनैतिक सामाजिक कुरा बुझ्न पनि केही उपयोगी छन् । यस कारण यी ताडपत्रहरूको राम्ररी अध्ययन गर्नु आवश्यक छ भन्ने मलाई लाग्छ ।

पाठकहरूलाई विचार गर्न सजिलो होस् भनेर नमूनाको लागि एक ताडपत्रको उद्धरण यहाँ दिइन्छ । नेपाल संवतको शुरूदेखिकै ताडपत्र प्राप्त भएका छन् । तिनमा प्राचीन नेवारी भाषामा लेखिएको भिक्षु संघको नियमको कुरा परेको ताडपत्र छानी यहाँ अनुवाद सहित दिइएको छ । यसबाट तात्कालिक धार्मिक बाहेक आर्थिक कुरा बुझ्न पनि मद्दत पाइन्छ ।

## मूलपत्र

१) ॐ स्वस्ति । सम्वत २३५ मार्ग सिर कृष्ण चतुर्थ्यां । ललितक्रमायां श्रीतेग्वल्के श्री सिवदेव संस्कारित श्रीमनिधरजैंवमहाविहारार्य सर्वं संघानां नियम परिभाष पत्रिकेयम् । बन्धवुविहार हावोंया चीवरि मानि २॰ पद्मभद्र मुनिभद्र दानभद्र पुन्नभद्र एतेषां चीवरि दस मानिका धा मा १॰ । १॰ । १॰ । १॰ । पद्म भद्रया छु पनक

२) वछीन मुक्ति । स्थविरया स्थविरासन ततङ दुगुण भंट । अपर सेसम भष्टल पन समचारिणि । कपह्न भृङ्गा प्रभृति ङा हुंडा बंधवु विहार हावोंन तंङ क्रमन ङास परिभाग । लीच्छयु वुस लुं वह्ल छी लगरपवु पत्र संघसके सीसेन उपाध्यायेन न्हुसप चीवरि वियुमालु । मरणकालस वहल

३) छीन ढोको तृ संघस परिभोग । छु पलें गनवकीत्य विपार वस्त्र विवु मिखा तिवु मदु गुन छु सात दुगुन वल्हे । निवासि भोजन वंकुविहार न्हापुमालु । दानपति भारोष गालन ग्वय सरेन ङेयु १७॰ । छूलें च्यकु वृग्र पन नेकपिन खल्लगा गन चोंकोस मोंचा ह्मंच मोंटों कुटुम्बानुरुपन विसन सेष संघ दायाद ।

४) सकल कार्यंजस समस्त संघस सम अभिपायेन पच्चु मालु । सुन संघ कार्य सेङ विपरीत न यंगूया दानपति भारोष वंकु विहार संघ ज्वङ लुं मंस त्रय दण्ड पच टेत्रु । वंवि द्वल वृ सुन भोगय फोङ न दानभद्र पून्न भद्र उभय वा म नि ३ बिमालु । वंविद्वल वृ नायिकि-नि भावोंया जन्म छी नायिकिनि हावोंया

५) परिभोग उसपरम संघ परिभोग । अत्राधिसाक्षिण । श्रीमारो वकोलि भारो साहु ढोकवु सते प्रमानेति ।। ।। वा नेप तङ स्थविरन कुट्टन मलको प्राशीर्शं गाल न्हयुमालु ।।

[श्री हेमराज शाक्यद्वारा 'रुद्रवर्ण महाविहार स्थित ताडपत्र अभिलेख' मा यो छापिएको छ । मूलपाट पढी यहाँ पाठ सच्चाइएको छ]

## अनुवाद

कल्याण होस् । ने. सं. २३५ मार्ग कृष्ण चतुर्थी । श्री ललितक्रमा, श्री तेग्वलमा श्री शिवदेवद्वारा संस्कार गरिएको श्री मणिधरजंव महाविहारको आर्य सर्वसंघको नियम परिभाषा सम्बन्धी यो पत्र हो । बन्धवु बिहारका हावो (प्रमुख) को चीवरको लागि दुइ मानिका । पद्मभद्र, मुनिभद्र दानभद्र पूर्णभद्र यिनीहरूको चीवरको लागि दश मानिका; धान मानिका १॰ । १॰ । १॰ । १॰ । पद्मभद्रको लागि केही पण आधा माफी । स्थविरको लागि स्थविरा-सन थपी दोब्बर भर्ने । अरुहरू जम्मैको भण्टल पण बराबर । कपडा भृङ्गा आदि पाँच भाग लाउनू । बंधवु विहारका हावोले थपे अनुसार पाँच भाग लाउनू । लीछुयुवुको सुन चाँदी बारेको पत्र अनुसार- - - -संघलाई शिष्य र उपाध्यायले चीवर दिनू । मरे भने चाँदी जति सङ्घले भोग चलन गर्नू । केही भाग व्यापार, वस्त्रमा लगाउनू । आँखा चिम्लेर उपेक्षा गरे- -दोबर आउँछ । वासिन्दाहरूको भोजन वकु विहारले मिलाउनु पर्छ । दानपति भारोलाई - -सुपारी र सली १७ दिनु पर्छ ।-- बाँकी रहेको संपतिको हकदार संघ हुन्छ । सारा कामकाजमा संघको बराबरी हक भाग रहने छ । कसैले संघको कार्यको विपरीत गर्‍यो भने दानपति भारोलाई वंकु विहारको (रुद्रवर्ण महाविहार) संघले समाती तीनमासा सुन दण्ड गर्न पाइन्छ । वंविडोल खेत जसले भोग चलन गर्छ त्यसले दानभद्र पूर्णभद्र दुवैलाई तीन तीन मानिका धान बुझाउनु पर्छ । वंविडोल खेतको नाइकेनी हावोको जिउँताभर नाइकेनीले भोग चलन गर्नू । त्यसपछि संघको भोग चलन हुनेछ ।

यहाँ साक्षीहरू- श्रीभारो वकोलिभारो, साहु ढोकवु, यति प्रमाणहरू हुन् । दुई पाथी धान थपेकोमा थकालीले - - -गर्नु पर्छ ।

★